आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू आफ्नो सुविधा अनुसार ईमेलमा एटेच गरी वा हुलाको माध्यमद्वारा प्रेशित गर्नसक्नु हुनेछ ।

# बाँच्ने उपाय - बाइबल अध्ययन उत्तरपुस्तिका

## पाठ १ - हाम्रो खाँचो

आज संसारमा मानिसलाई कुनै कुरामा सन्तोष लाग्दैन, मनमा शान्ति छैन । एक दिन यो मरणशील शरीर माटोमा मिलेर जाने हो भन्ने कुरा सबैलाई थाह छ । तर कोही पनि मर्न चाहँदैन । कसरी बाँच्ने भनेर दिनदिनै धेरै जनाको ठूलो संघर्ष भइरहन्छ । झन् हाम्रो अमूल्य आत्मालाई कसरी बचाउने र कहिल्यै नमर्ने जीवन कसरी पाउन सकिन्छ भन्ने कुरा थोरै मानिसलाई मात्र थाह छ । धेरै जसो मानिसहरू आफ्नो बाटो लागेर धन र समय खर्च गर्छन्, तर केही पनि पाउन सक्दैनन्; यसले गर्दा झन् निरास हुन्छन् । किनभने अजम्मरी जीवन परमेश्वरको दान हो; पैसाले किन्न वा धर्मले कमाउने कुरो होइन । यो कुरा कसै-कसैले मात्र बुझेका छन् । यस संसारको कुनै पनि मानिसले आफ्नो बुद्धि र शक्तिले आफूलाई मृत्युबाट बचाउन सक्दैन भने झन् मृत्युपछि हुने परमेश्वरको धर्ममय न्याय र पापको सजायबाट मुक्ति पाउन सक्दैन । किनभने हामी सबैजनाले हाम्रो सृष्टिकर्ताको सामु आ-आफ्नो लेखा दिनुपर्छ । अब मनमा एउटा प्रश्न उठ्छ - हामी कसरी बाँच्ने त ? यस गम्भीर विषयमा परमेश्वरको वचन अर्थात् पवित्रशास्त्र बाइबलले हामीलाई सबै कुरा बताउँछ । के तपाईं शान्ति र अनन्त जीवन कसरी पाइन्छ, सो जान्न चाहनुहुन्छ ? चाहनुहुन्छ भने यी सजिला पाठहरू पढ़ेर विश्वास र हर्षसाथ परमेश्वरको शिक्षा ग्रहण गर्नुहोस् । यस पाठमा परमेश्वरको सजायबाट बाँच्नुपरेको छ भन्ने कुरा हामी पढ्नेछौं ।

### संसार बनाइएको

सबै चीजहरू कसरी हुनआए, यसबारेमा मानिसहरूले थरि-थरिका विचारहरू गरेका छन् । तर सबै थोक परमेश्वरको वचनको शक्तिले बनिएका हुन् भनी पवित्रशास्त्र बाइबलले हामीलाई बताउँछ ।

१) शुरूमा परमेश्वरले के-के बनाउनुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) काठले हामी मेच बनाउन सक्छौं, तर काठ त बनाउन सक्दैनौं । कुनै थोक लिएर मात्र हामी कुनै अर्को चीज बनाउन सक्छौं । परमेश्वरले मात्र केही नलिएर एउटा नयाँ कुरा सृष्टि गर्न सक्नुहुन्छ ।

" ..................................सबै कुरा हुनआए । ............................ कुनै कुरा पनि हुन आएन ।"

### मानिस बनाएको

परमेश्वरले घाम, जून र तारा, साथै रूखपात, फलफूल र पशुपक्षीहरू सृष्टि गर्नुभयो; तर यी सबैभन्दा श्रेष्ठचाहिँ मानिसलाई बनाउनुभयो ।

३) परमेश्वरले बनाउनुभएका सबै थोकहरूमध्ये मानिसचाहिँ भिन्दै प्राणी हो । मानिस विचार गर्न सक्छ, असल र खराब खुट्ट्याउन सक्छ र आफ्नो मनखुशी गर्न सक्छ । मानिसले मात्र ईश्वर हुनुहुन्छ भन्ने कुरा बुझ्न र उहाँलाई पुकार्न सक्छ ।

मानिसको सृष्टि हुँदा ऊ कोजस्तो बनाइएको थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) परमेश्वरले मानिसलाई सबै पशुभन्दा भिन्दै किसिमले बनाउनुभयो ।
क) केबाट परमेश्वरले मानिसलाई बनाउनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) मान्छेको नाकमा परमेश्वरले के फुकिदिनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) अनि मानिस के भयो वा बन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
घ) परमेश्वरले मानिसलाई नर र नारी बनाउनुभयो र उनीहरूलाई एउटा सुन्दर बगैंचामा बस्न दिनुभयो । त्यस बगैंचाको नाम के थियो र त्यो कहाँ पर्थ्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५) लोभ-लालचाबाट र अल्छी गर्ने बानीबाट हामी अलग बसौं; किनभने यसरी मात्र हाम्रो काम सफल हुन्छ ।
क) परमेश्वरले मानिसलाई के काम गर्नू भनी त्यहाँ राख्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

कलकाँटा जुन कामको निम्ति बनिएको छ, त्यही काममा लगाउनुपर्छ, किनभने त्यो यसैको निम्ति बनिएको हो परमेश्वरले मानिसलाई एउटा स्वतन्त्र प्राणीको रूपमा बनाउनुभयो । यसैले मानिसले आफ्नो इच्छाअनुसार गर्न पाएको छ; उसले राम्रो बाटो वा नराम्रो बाटो छान्न सक्छ । कुनै मानिसले परमेश्वरको हुकुम करले होइन, तर प्रेमले मानोस् भनी उहाँ चाहनुहुन्छ ।
ख) बगैंचाका रूखहरूका फलबारे परमेश्वरले मानिसलाई कुन आज्ञा दिनुभयो ?
(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) परमेश्वरको हुकुम नमानेमा मान्छेलाई के हुनेथियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## पाप पसेको

परमेश्वर पवित्र हुनुहुन्छ; उहाँ दयालु पनि हुनुहुन्छ । यसैले उहाँ सधैं मानिसको भलो खोज्नुहुन्छ । तर मानिसको ठूलो शत्रु छ; उसको नाम शैतान हो र उसले छल गर्छ र ढाँट्छ पनि । पहिला त्यो शैतान परमेश्वरको सेवा गर्ने स्वर्गदूतहरूमध्ये सबभन्दा सुन्दर र शक्तिशाली स्वर्गदूत भएको थियो । परमेश्वरसित बराबर हुन खोज्दा घमण्डले गर्दा त्यसको पतन भयो, अनि त्यो स्वर्गबाट निकालियो । त्यस बेलादेखि त्यसले परमेश्वरको विरोध गर्न थाल्यो । मानिसजातिले जिउँदो परमेश्वरको सँगति र स्वर्गिय आनन्द उपभोग गर्न पाओस् भन्ने शैतानले पटक्कै चाहँदैन । यसकारण परमेश्वर र मानिसको विरोधमा लडाइँ गर्दै त्यसले सबै पवित्र र असल चीज सधैं बिगार्न खोज्छ । मानिसले परमेश्वरको आज्ञा नमानोस् भनेर साँपको रूप लिएर शैतानले उसलाई छल गरी पापमा फसायो । मानिस शैतानकै कुरापट्टि लागेकोले संसारमा पाप पस्यो, र पापसित मृत्यु पनि ।
६) (क) साँप अर्थात् शैतानको बानी कस्तो थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(ख) साँपले स्त्रीलाई के सोध्यो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(ग) स्त्रीले साँपलाई के जवाफ दिई ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(घ) परमेश्‍वरले मनाही गर्नुभएको फलको बारेमा छल गरी शैतानले के भनेर स्त्रीलाई फल खान लगायो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

आज पनि शैतानले यसरी हामीलाई अनेकौं अभिलाषाहरूमा फसाउन खोज्छ, अर्काको सम्पत्तिमा लोभ गरी आँखा लगाउन र जीवनको हरेक कुरामा घमण्डमा फुल्न सिकाउँछ । आफ्नो मनको लोभले गर्दा हामी पापमा फस्यौं । नचाहिँदा काम गरेर हामीले राम्रो कुरा प्रप्त गर्न सक्छौं भनी शैतानले हामीलाई फकाउँछ । हामीले दुष्ट शैतानको कुरा मान्नुहुँदैन । असल कुरा पाउनलाई हामीले परमेश्‍वरमाथि भरोसा राख्‍नैपर्छ । तर दु:खको कुरा, पहिलो मानिसले परमेश्‍वरको कुरा मानेन । स्त्रीले शैतानको छली कुरा पत्यएर त्यो मनाही गरिएको रूखको फल टिपेर खाई र आफ्नो लोग्नेलाई पनि दिई ।

(ङ) फलतिर हेर्दा स्त्रीले के देखेर त्यो रूखको फल खाइदिई ? उसलाई लोभ लाग्ने तीनवटा कारण के के हो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१)
२)
३)

असल र खराबको ज्ञान दिने फलबारे लोग्ने र स्वास्नी दुवैले परमेश्‍वरको आज्ञा राम्ररी जानेका थिए । परमेश्‍वरले मनाही गर्नुभएको फल मेरी स्वास्नीले मलाई दिँदैछे भनी लोग्नेलाई थाहा थियो ।

च) स्वास्नीले दिएको फल लोग्ने के गर्‍यो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७) परमेश्‍वर धर्मी हुनुहुन्छ; उहाँले ठीक न्याय गर्नुहुन्छ । पापको सजाय हुनुपर्छ । पापको सजाय मृत्यु हो । शरीर मर्नैपर्छ, तर आत्मा पनि सदासर्वदा नरकको भट्टीमा पर्छ नै । पापले गर्दा आज पूरा संसारमा अनेकौं आपतविपत आएका छन् । तर परमेश्‍वरले मानिसलाई पापबाट बाँच्ने एउटा ठूलो उपायको विषयमा बताउँदै पापमा फसेकोलाई यहाँ आशा पनि देखाउनुहुन्छ ।

क) परमेश्‍वरले स्त्रीलाई छल गर्ने त्यस साँपलाई अर्थात् शैतानलाई के गर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) एक दिन शैतान हार्नुपर्छ भन्ने कुरा देखाउँदै स्त्रीका सन्तानले साँपलाई के गर्छन् ?

ग) मानिसको उद्धार गर्नुहुनेले शैतानबाट हानि भोग्नुपर्नेछ भन्ने कुराको संकेत गर्दै साँपले स्त्रीका सन्तानलाई के गर्नेछ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) परमेश्वरले स्त्रीलाई के भन्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ङ) अन्तमा लोग्नेको न्यायको बारेमा हामी पढ्छौं । परमेश्वरको आज्ञा नमान्नु पाप हो । लोग्ने र स्वास्नीले जानी-जानी पाप गरेका थिए । लोग्ने आफ्नी स्वास्नीको कुरामा लाग्नुहुँदैनथ्यो ।

अ) मानिसको पापले गर्दा परमेश्वरले भूमिलाई के गर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

आ) जीवनभरि मानिसले आफ्नो खानेकुरा कसरी पाउनुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

इ) मानिसको शरिरलाई के हुनेछ भन्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

त्यही उहिलेको साँप शैतान हो । शैतान आज साँपको रूपमा देखा पर्दैन, तर पनि परमेश्वरको विरोधमा चौबीसैं घण्टा काम गर्छ । हामीले होशियार भएर बस्नुपरेको छ, किनभने हाम्रो विरोधी शैतान गर्जने सिंहझैं कसलाई भेट्टाऊँ र निलूँ भनेर खोजी हिँड्छ ।

८) शैतानले संसारलाई के गर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९) एक दिन हामी सबैजना मर्नुपर्छ भनी हामीलाई थाहै छ । बाइबल अनुसार हामी किन मर्नैपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## परमेश्वरको अगाड़ि मानिस दोषी भएको

हामी मानिस जाति पापी छौं । हामीले आफ्ना बुबाआमाबाट पापी स्वभाव पाएका छौं । सुन्तलाको रूखले सुन्तला नै फलाउँछ । पहिलो मानिस पापी भए, यही कारणले हामी पनि उसको सन्तान भएकोले सबै पापी भएका छौं । हामी आफै पापी छौं, किनभने राम्रो कुराभन्दा नराम्रो कुरा हामी रूचाउँछौं । हाम्रो कुविचार, फोहोर

बोली, घमण्ड, रिस, ड़ाहा, लोभले गर्दा हामी पापी भएका छौं । परमेश्वरका आज्ञाहरू नमानेकाले हामी उहाँको साम् दोषी छौं ।

१०) भेड़ालाई गोठालाको खाँचो पर्छ । सोझो र मूर्ख भएकोले भेड़ाले बाटो विराउँछ । कुन हिसाबले हामी मानिसहरू भेड़ाजस्ता भएका छौं ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

११) हामीहरूको बारेमा अरू मानिसहरूले के कस्ता विचार गर्छन् भन्ने कुरा ठूलो होइन, तर हाम्रो सम्पूर्ण जीवन जान्ने र हाम्रो हृदयभित्रका सबै कुरा तलास गर्नुहुने परमेश्वरले हाम्रो विषयमा के सोच्नुहुन्छ ठूलो कुरा यही हो । हामी आफैलाई जाँच गऱ्यौं भने परमेश्वरको स्तरअनुसार साँच्चै हामी कति पापी रहेछौं, सो जन्ना सक्छौं ।

क) परमेश्वरले मानिसतिर हेरेर के विचार गर्नुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) कतिजना अर्कैतिर लागेका छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) परमेश्वरले मानिसलाई केकस्तो भएको देख्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) के उहाँले राम्रो गर्ने कोही भेट्टाउनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१२) हामीले गरेको सबभन्दा राम्रो काम वा सेवा परमेश्वरको अगाड़ि मैलो थाङ्नाजस्तो मात्र छ । हाम्रो धर्मकर्मले हामी परमेश्वरको पवित्रतासम्म पुग्न सक्दैनौं ।

क) कतिजना धर्मात्माहरू छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) परमेश्वरको गुणमा कुनै मानिस पनि पुग्न सकेको छैन । किन ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) ठीक जवाफमा चिन्ह लगाउनुहोस् ।

अ) म पापी छु, र पापदेखि छुटकारा पाउन चाहन्छु ।
आ) एकदमै पापी मानिसलाई मात्र मुक्तिको खाँचो छ ।
इ) सकेसम्म राम्रो गर्ने मानिसलाई मुक्तिको खाँचो छैन ।

## प्रार्थना :

हे महान् सृष्टिकर्ता परमेश्वर, तपाईं पवित्र हुनुहुन्छ; तपाईं प्रेमी पनि हुनुहुन्छ । तपाईंले संसारलाई सृष्टि गर्नुभयो, मलाई पनि बनाउनुभयो । मैले बुझें - मेरा पापहरूले गर्दा म तपाईंदेखि टाढो पुगेको छु । तपाईंले पापलाई घिन गर्नुहुन्छ, तर पापीहरूलाई माया गर्नुहुन्छ । हे प्रभु, म पापबाट छुटकारा पाउन चाहन्छु; मलाई मुक्तिको बाटो देखाउनुहोस् । तपाईंसँग मेलमिलाप राख्ने राख्ने मेरो ठूलो इच्छा छ, मजस्तो पापीलाई बचाउनुहोस्; धन्यबाद ।

# पाठ २ - परमेश्वरको उपाय

सबै मानिसहरू पापी छन् । हामीले यो पहिलो पाठमा जान्न पायौं । साँच्ची  नै हाम्रा अवस्था डरलाग्दो छ । पवित्र परमेश्वरको सामु हामी दोषी छौं । एक दिन उहाँले एक एक मानिसलाई आफ्ना कामअनुसार न्याय गर्नुहुन्छ । उहाँले मलाई र तपाईंलाई पनि न्याय गर्नुहुनेछ । पापी मानिसको सजाय हुनैपर्छ । पापको सजाय मृत्यु हो । यो सजायबाट उम्कनलाई हाम्रो आफ्नो कुनै सीप लाग्दैन । अब कसो गर्ने ? परमेश्वरको दयाले गर्दा उहाँले हाम्रो लागि एउटा बाँच्ने उपाय दिनुभयो । यो पाठले हामीलाई यही उपायको बारेमा सिकाउँछ ।

१३) परमेश्वरले मानिसप्रति आफ्नो प्रेम कसरी प्रकट गर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१४) परमेश्वरले प्रकट गर्नुभएको प्रेमबाट हामी मानिसले के पाउँन सक्छौं ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१५) प्रभु येशू खीष्ट एउटा विशेष उद्देश्य लिएर यस संसारमा आउनुभयो ।
त्यो उद्देश्य के हो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१६) येशू खीष्टले हामी मानिसकोलागि आफूले कुन रूप धारण गर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१७) के संसारले प्रभु येशूलाई चिने ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१८) परमेश्वरको खुशीको खबर ल्याउने स्वर्गदूतले के समाचार ल्याए ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशूलाई जन्म दिने आमाचाहिँ अरू स्त्रीहरूले जस्तो होइन, तर कन्यै अवस्थामा, कुनै पुरूषसित सहवास नगरीकनै परमेश्वरको पवित्र आत्माको शक्तिबाट गर्भवति भइन् । यही कारण प्रभु येशूलाई अर्को एउटा नाम दिइएको थियो ।

१९) प्रभु येशूलाई दिइएको अर्को नाम र त्यसको अर्थ के हो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२०) उहाँको नाम किन 'येशू' राखियो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२१) येशू ख्रीष्टले संसारमा गर्नुभएको तीन कामहरू लेख्नुस् ।

क)
ख)
ग

२२) कुन कारणले प्रभु येशूले ती आश्चर्यकामहरू गर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२३) कस्ता किसिमका मानिसहरू प्रभु येशूको चरण पर्दथे ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशू परमेश्वरकै स्वरूपमा भएर पनि परमेश्वरसँग बराबरी हुने अधिकार आफ्नो लागि जोगाइराख्नुभएन, तर आफूलाई रित्याएर मानिसको रूपमा आउनुभयो । प्रभु येशूले कहिल्यै पाप गर्नुभएन, तरै पनि हाम्रा पापहरूको सजाय बोकेर उहाँ अपराधिझैं ज्यादै कष्टसाथ मर्नुभयो ।

२४) संसारका मानिसहरूले प्रभु येशूलाई कसरी मारे ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२५) प्रभु येशूले आफूलाई काठको क्रूसमा झुण्ड्याउनेहरूको लागि के गर्नुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२६) येशू ख्रीष्टले हाम्रा निम्ति के कस्ता दु:खकष्ट सहनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

क)
ख)
ग)
घ)
ङ)

२७) प्रभु येशू ख्रीष्ट के को लागि मर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२८) (क) असल गोठाला को हुनुहुन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(ख) असल गोठालाले भेड़ाका लागि के दिनुहुन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशूको मरणको बारेमा तपाईंले भर्खरै पढ्नुभयो । ख्रीष्टले हाम्रो निम्ति यस्ता दु:ख भोग्नैपरेको थियो; अर्को कुनै उपाय थिएन । हो, उहाँ हाम्रा पापको खातिर मर्नुभयो, तर मरेको मरेकै भई रहनुभएन । उहाँ फेरि जिउँदो हुनुभयो ।

२९) कति दिनमा प्रभु येशू मरेकाहरूबाट फेरि जिउँदो हुनुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३०) प्रभु येशू जिउँदो भएपछि चालीस दिनसम्म खुल्लमखुल्ला देखा पर्नुभयो ।
कसले उहाँलाई देख्न पाए ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३१) चालीस दिन पछि के भयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३२) परमेश्वरको मुक्तिको अचम्मको बन्दोबस्तको बारेमा बुझ्नुभएका चारवटा
कुरा लेख्नुस् । (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

क)
ख)
ग)
घ)

३३) जसरी पहिलो मानिसको पापले गर्दा सबै मानिसहरू मर्ने भए, त्यसरी नै खीष्टमा हुने सबै जिउँदो हुन्छन् । तल दिइएको खाली ठाउँमा भर्नुहोस:

क) तर अब खीष्ट मरेकाहरूबाट .......................... छ, र सुतिजानेहरू मध्ये ............... हुनुभएको छ

ख) किनकि मानिसद्वारा ................................ हुनाले मानिसद्वारा नै मरेकाहरूको .............................. किनकि जसरी पहिलो मानिस, .............. सबै मर्छन्, त्यसरी नै खीष्टमा सबै ...........................

# पाठ : ३ मानिसको कर्तव्य

हामी एकदमै निराशलाग्दो, सोच्नुपर्ने अवस्थामा पुगिसकेका छौं । मानिसजाति जन्मदेखि नै पापी छन् । उनीहरू पापमा जन्मन्छन्, पापमा बढ्छन् र पापमै मर्छन् । पापले गर्दा मानिसहरू परमेश्वरबाट अलग भएका छन् । परमेश्वर र मानिसको बीचको सम्बन्ध बिग्रेको छ । तर पनि परमेश्वरले मानिसलाई माया गर्न छोड्नुभएन । आशा नभएको, हरेश खाइसकेको र परमेश्वरदेखि टाढ़ा भएको मानिसको लागि उहाँले आफूसँग मेलमिलाप राख्ने र आफ्नो नजिकमा ल्याईकन नयाँ आशा र साहस दिने उपाय निकाल्नुभयो । उहाँले हाम्रो लागि पापदेखि बचाउने उपाय गरिसिद्धयाउनुभयो; उहाँ कसैलाई पनि जबरजस्ती यो उपाय मान्नलाई कर गर्नुहुन्न । यो निर्णय उहाँले तपाईं र मेरो जिम्मामा छोड्नुभएको छ । अब हामीलाई दिएको कर्तव्य के रहेछ, सो हामी यस पाठमा हेर्नेछौं ।

## परमेश्वरले मिलाउनुभएको बा‘‘च्ने उपाय

हामी सबै पापी छौं भन्ने कुरा हामीले पहिले पढ़ेर बुझ्यौं । यस्ता पापीहरूका लागि परमेश्वरले आफ्ना एकमात्र छोरालाई यस संसारमा पठाउनुभयो । येशू खीष्टमा हाम्रा पापबाट मुक्त हुने उपाय छ; किनभने उहाँ नै हाम्रा पापहरूको लागि बलि हुनुभयो र यसरी हाम्रो लागि पापबाट छुटकारा दिने दाम तिरिदिनुभयो ।

३४) पापबाट मुक्त हुन र अनन्त जीवन पाउनलाई हामीले के गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशूको शिक्षा मन पराउनु अनि प्रभु येशूमाथि पूरा विश्वास राख्नुमा धेरै भिन्नता छ । येशूमा विश्वास राख्दा हामीले गरेका सबै पाप परमेश्वरको सामु मानिलिनुपर्छ । अब उसो यी सबै पापकर्म छोडेर एउटा नयाँ मानिस बन्नुपरेको छ । मुक्ति पाउन हामीले आफ्ना पापको बारेमा दुःखी भई आफ्नो पापी जीवन छोड्नुपर्छ ।

३५) एउटा नयाँ मान्छे बनेपछि हाम्रा पाप के हुन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३६) परमेश्वरतिर आफ्नो मन फिराएपछि हामीले के गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

बप्तिस्मा लिनुको मतलब के हो भने मैले पापदेखि मेरो मन परमेश्वरतिर फर्काएँ र अब उसो म ख्रीष्ट येशूमाथि राखेको विश्वासद्धारा एक नयाँ र परमेश्वरलाई मनपर्दो जीवन जिउँछु भन्ने प्रतिज्ञाको साथ म ख्रीष्टको चेला हुँ भन्ने गवाही हो । योचाहिँ आफ्नो मनभित्र प्रभु येशू प्रति भएको विश्वास प्रकट गर्ने विधि हो ।

३७) पापको माफ पाउनलाई हामीले के गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३८) तलको खाली ठाउँ भरेर वाक्य पूरा गर्नुहोस् :

यदि तिमीले ............................................ गऱ्यौ भने, र परमेश्वरले उहाँलाई ........................... उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने ..................... पाउनेछौ । किनकि ....................... निम्ति हृदयले विश्वास गर्नुपर्छ, र ............................................. गर्नुपर्छ ।

३९) विश्वासद्वारा .................................... पाएका छौ; अनि यो तिमीहरू .......................... होइन, यो .................................... हो ।

४०) के प्रभु येशूले आफूकहाँ आउनेलाई त्याग्नुहुन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४१) माथि पढ्नुभएको पद अनुसार अनन्त जीवन पाउने उपाय के हो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## येशूको रगतले किनिएको

आफूले गरेका पापहरू मानिलिनु अघि र परमेश्वरबाट पापको क्षमा पाउनुभन्दा अघि मानिसहरू पापका कमारा हुन्छन् । साँच्ची नै मानिस शैतानको पासोमा फसेको हुन्छ र त्यसको पन्जाबाट फुत्कन सक्दैन । तर प्रभु येशूमाथि विश्वास गरेर आफ्ना पाप स्वीकार गर्ने जतिले छुटकारा पाइसकेका हुन्छन्; किनभने प्रभु येशूले क्रूसमा उनीहरूको छुटकाराको दाम तिरिदिनुभयो ।

४२) यस छुटकाराको लागि प्रभुले के कस्तो दाम तिर्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४३) तपाईंले माथि पढ्नुभए अनुसार हामी कसरी परमेश्वरको नजिकमा ल्याइयौं ?(ठीक वाक्यमा चिन्ह लगाउनुहोस्)

क) ख्रीष्टको जीवनले ख) ख्रीष्टको रगतले ग) विश्वासमा अटल रहेकोले

४४) हामीलाई सबै पापदेखि शुद्ध पार्ने उपाय के हो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

हाम्रा पापले गर्दा हामी परमेश्वरबाट अलग गरिएका छौं; हामी परमेश्वरको नजिक आउन सक्दैनौ । हामी उहाँबाट टाढ़ो भएका छौं ।

४५) कसरी हामी परमेश्वरसँग फेरि मिल्न वा मेलमिलाप राख्न सक्छौं ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४६) तलको खाली ठाउँ भर्नुहोस्:

येशूमा ................., उहाँको .................................... उहाँको रगतद्वारा
छुटकारा अर्थात् ................................ पाएका छौं ।

४७) हाम्रा आत्मालाई केले शुद्ध पर्छ ? (ठीक वाक्यमा चिन्ह लगाउनुहोस्)

क) धर्मकर्म गरेर   ख) जुनी फेरेर   ग) कठोर परिश्रम गरेर
घ) प्रभु येशूको रगतले   ङ) बप्तिस्मा लिएर   च) दानपुण्य गरेर

४८) यदि कसैले प्रभु येशूमाथि विश्वास गरेर उहाँले आज्ञा गर्नुभएझैं जीवन बिताउँछ भने उसको जीवनमा कुन तीनवटा कुरा सत्य ठहरिन्छन् ?

क)
ख)
ग)

तल सोधेका प्रश्नको जवाफ कृपा गरी इमानदारीसाथ दिनुहोस् भनी अनुरोध गर्दछौं ।

अ) प्रभु येशूले तपाईंका पापको क्षमाका लागि आफ्नो रगत बहाउनुभयो
भन्ने कुरा के तपाईंले पूर्ण रूपले विश्वास गर्नुहुन्छ ?

आ) प्रभु येशूमाथि विश्वास गरेर, उहाँलाई आफ्नो प्रभु र मुक्तिदातको रूपमा अपनाएकोले र आफ्ना सबै पापदेखि दुःखित भएर परमेश्वरतिर मन फिराएकोले म सित्तैंमा उहाँबाट अनन्त जीवनको दान पाउँछु भनी के तपाईंलाई विश्वास लागेको छ ?

# पाठ : ४ परमेश्वरको दान

प्रभु येशू ख्रीष्टको महान् बलिदानद्वारा हाम्रा पापहरू कसरी माफ हुन्छन् र प्रभु येशूमाथि विश्वास गरेर हामीले कसरी एउटा नयाँ अमर जीवन सित्तैंमा पाउन सक्छौं भन्ने कुरा हामीले यहाँसम्म सिक्न पायौं ।

हामी मानिसहरू कमजोर छौं, जस्तो पानीमा हामी पौडेनौं भने हामी पानीभित्र डुबिहाल्छौं, त्यस्तै हाम्रो स्वभाव पनि हो । यदि त्यसले कुनै सहायता पाउँदैन भने त्यो सुध्रिनको सट्टामा बरू झन् बिग्रिन्छ; राम्रो हुनको सट्टामा त्यो सधैं पाप र अभिलाषहरूमा डुबेर जान्छ । हाम्रो दिनदिनको जीवनमा हामी आफैले शुद्ध र सिद्ध हुन खोजेर पनि आफ्नो शक्तिले सक्दैनौं भन्ने कुरा हामीले अनुभव गर्छौं । हामी परमेश्वरको स्तरमा पुग्न सक्दै सक्दैनौं । यो कुरा जानेर प्रभु येशूले अघि नै यस संसारबाट स्वर्ग जाँदाखेरि आफ्ना चेलाहरूलाई एउटा विशेष दान दिनुभयो उहाँले आफ्नो पवित्र आत्मा चेलाहरूका हृदयभित्र सधैं बस्न भनी हाल्नुभयो । उहीं पवित्र आत्माले हामीलाई पाप इन्कार गर्ने र परमेश्वरको आज्ञापालन गर्ने शक्ति दिनुहुन्छ । यस विषयमा हामी अब यो पाठमा सिक्नेछौं ।

४९) परमेश्वरको पवित्रआत्मालाई कुन दुई नाम दिइएको छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(क)

(ख)

५०) प्रभु येशूमाथि साँचो गरी विश्वास गर्ने सबैलाई पवित्र आत्माले के गर्नुहुन्छ ?
(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५१) प्रभु येशूमाथि विश्वास गर्ने मानिसलाई पवित्रआत्माले के लगाउँनुभएको छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५२) प्रभु येशूमाथि विश्वास गर्ने मानिस के को भरमा हिँड्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५३) परमेश्वरको आत्माको अगुवाईमा हिँड्नेलाई के भनिनेछन् ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५४) प्रभु येशूमाथि विश्वास गर्ने मानिस के ले भरिनु पर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

परमेश्वर एउटै हुनुहुन्छ । तर उहाँको कार्यअनुसार उहाँलाई तीनवटा नाम दिइएका छन् । स्वर्गमा राज्य गर्नुहुने परमेश्वर पिता, यस संसारमा आई बलिदान हुनुभएको र फेरि बौरी उठ्नुभएको परमेश्वरको पुत्र प्रभु येशू ख्रीष्ट अनि प्रभु येशूमाथि विश्वास गर्नेहरूभित्र वास गर्नुहुने परमेश्वर पवित्र आत्मा । यही पवित्र आत्मा हामीभित्र आउनुभएपछि हाम्रो जीवन भित्रबाट परिवर्तन गरिन्छ र यस्तो जीवन मात्र परमेश्वरलाई खुशी पार्न सक्छ ।

५५) परमेश्वरको आत्मा हामीभित्र वास गर्नुभएपछि हामीमा कुन कुन फल देखा पर्छन् ? ती के के हुन् ?

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

(झ)

५६) पापबाट शुद्ध हुनु वा अलग रहनुको अर्थ ठूलो छ, यस सम्बन्धमा तपाईंको लागि परमेश्वरको इच्छा के हो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(क)
(ख)

५७) पवित्र पार्नुहुने परमेश्वर र पवित्र पारिएकाहरू दुवै एउटै मूलका हुन् जसलाई प्रभु येशूले के भन्नुभयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५८) हामी पाप नगरौं भनेर कुन दुई मुख्य कुरा सम्झनु वा याद राख्नुपर्छ ?
(क)
(ख)

५९) पापबाट छुटकारा पाए पछि हामी कसका दास हुन्छौं र त्यसको अन्त के हुनेछ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६०) प्रभु येशूको आगमनसम्म हाम्रा सम्पूर्ण आत्मा, प्राण र शरीर के हुनुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रार्थना गर्नु भनेको परमेश्वरसँग कुरा गर्नु हो, परमेश्वरलाई चिन्ने हरेक व्यक्तिले प्रार्थनाद्वारा उहाँसित सम्बन्ध राख्छ । जसरी कुनै जिउँदो प्राणी श्वास नफेरी बस्न सक्दैन, त्यसरी नै हरेक परमेश्वरको भक्ति गर्ने मानिस प्रार्थना नगरी बस्न सक्दैन । याद राख्नुहोस् - प्रभु येशूले हाम्रा प्रार्थना नसुन्नुभएको वा जवाफ नदिनुभएको भए हामीले उहाँमाथि विश्वास राख्न र उहाँलाई पछ्याउन व्यर्थ हुनेथियो ।

६१) कस्ता मानिसहरू परमेश्वरका राज्यका हकवाला हुन पाउँनेछैनन् ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६२) तपाईंले परमेश्वरसित जे माग्नुहुन्छ, त्यही पाउन पनि सक्नुहुन्छ । तर पहिले हामीले कुन दुई कुरा पूरा गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(क)
(ख)

हाम्रो हृदय परमेश्वरको अगाडी ठीक छैन भने हामीले परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न सक्दैनौं; किनभने यसरी हामी केवल आफ्नो स्वार्थ पूरा गर्न माग्छौं । यस्तो प्रार्थना परमेश्वरले सुन्नुहुन्न । शुद्ध हृदयको प्रार्थना परमेश्वरले अवश्य सुन्नुहुनेछ ।

६३) हामीले आफ्नो हृदयमा के राखेर प्रार्थना गर्‍यौ भने परमेश्वरले सुन्नुहुन्न ?
(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६४) सारा प्रार्थना र ................................हर समय........................... ,
अनि यसैका निम्ति सारा प्रयत्न गर्दै र .............................. ...... लागि
अन्तर्विन्ती गर्दै ........................... ।

६५) के गरेर हामीले परमेश्वरको शान्ति पाउन सक्छौं ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६६) के हामीले प्रार्थना गर्न छोड्‍े हुन्छ ? वचनले के भन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६७) येशू खीष्टमाथि विश्वास गरेर हामीलाई आर्थिक सहायता मिल्छ, साथै सामाजिक सेवा पनि मिल्छ भन्दै धेरै मानिसहरू गल्ती विचार गर्छन् । प्रभु येशूले चेलाहरूलाई पालन गर्नू भनी कति नियमहरू दिनुभयो ?
(क)
(ख)
(ग)

६८) प्रभु येशूको पछि लाग्दा हामीलाई कस्तो हुन दिएको छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(क)
(ख)

६९) हामी यो संसारमा रहदा कसरी रहनुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७०) प्रभु येशूमा विश्वास गर्नेहरूले कुन दुई काम गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(क)
(ख)

७१) हामीले कसको डर मान्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७२) हामीले परमेश्वरको इच्छा पालन गर्दा कस्तो अवस्था आउनसक्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७३) यदि येशू ख्रीष्टको नामको खातिर निन्दित भए पनि त्यसको परिणम उहाँको निम्ति के हुनेछ ?
(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७४) हामीहरू कस्तो कामको लागि भरपूर हुनुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ : ५ प्रभु येशू आउँदा हामी तयार होऔं

परमेश्वरले हामी मानिसलाई ठूलो मौका दिँदै हुनुहुन्छ । प्रभु येशूमाथि विश्वास गरेर हामीले कसरी पापबाट छुटकारा पाउन र पवित्र आत्माको शक्तिमा एउटा शुद्ध र परमेश्वरलाई मन पर्ने जीवन बिताउन सक्छौं भन्ने कुरा अध्ययन गरिसक्यौं । तपाईंले पाउनुभएको यो ठूलो मौका नगुमाउनुहोला । बाइबल - शिक्षाक्रम सिद्धयाएर र सब ज्ञान पाएर प्रभु येशूमाथि विश्वास गर्नु तपाईंको कर्तव्य हो । अनन्त जीवन दिनुहुने प्रभुमाथि तपाईंले विश्वास राख्नुहुन्न भने तपाईंमाथि के आइपर्नेछ, सो कुरा हामी तपाईंदेखि लुकाउन चाहँदैनौं । यसकारण प्रभु येशूलाई भेट्न तयार हुनको लागि हामी तपाईंलाई केही चेतावनी दिन्छौं ।

७५) मुर्तिहरूको विषयमा परमेश्वरले हामी सबैलाई केही आज्ञा दिनुभएको छ ?
(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७७) मुर्ति कसरी बनाइन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७८) के परमेश्वर बाहेक अरू कुनै ईश्वर छन् ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७९) प्रभु येशूलाई विश्वास गरे पछि हामी कसका हौं ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८०) गवाही दिने तीन व्यक्तिहरू को को हुन् ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

(क)
(ख)
(ग)

८१) आज्ञा नमान्नेहरूमाथि के आइपर्ने छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८२) हामी उम्कनको लागि के को वास्ता गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८३) परमेश्वरको पुत्र येशू ख्रीष्टमाथि विश्वास नगर्ने वा भरोसा नराख्ने मानिसले कस्ता फल भोग्नुपर्नेछ ?

८४) प्रभु येशूमाथि विश्वास गर्नेहरूले अनन्त जीवन पाउँछन् र परमेश्वरका सबै उत्तम कुराहरूका हकदार हुनेछन् । तर डराउनेहरू, विश्वास नगर्नेहरू, मूर्तिलाई पुज्नेहरू ढाट्नेहरू र ठग्नेहरूको दशा कस्तो हनेछ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८५) परमेश्वरले हाम्रो निम्ति शैतानलाई के गर्नु हनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८६) तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुभयो भने उहाँले तपाईंलाई केबाट छुटकारा गर्नुहुन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८७) परमेश्वरले तपाईंलाई कहाँ सारिदिनुहुन्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८८) प्रभु येशू कुन काम गर्न आउनुभयो ? हाम्रो निम्ति उहाँले के गर्नुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८९) शैतानका छलहरू जित्नलाई हामीले के गर्नुपर्छ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९०) कोद्वारा हामीले विजय पाउनसक्छौं ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९१) हामी पक्षमा को भयो भने हाम्रो विरूद्ध कोही पनि उठ्नसक्दैन ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९२) कसको प्रेमले हामीलाई संसारको कुनै पनि चिजले अलग पार्नसक्दैन ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९३) प्रभु येशूलाई विश्वास गर्नेहरू कसकोसाथमा हुनेछन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९४) स्वर्गदूतले गालिलका मानिसहरूलाई के समाचार दिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९५) प्रभु येशूको अगमनमा आकाशमा के कस्तो चिन्न देखिनेछ ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९६) जब हामी प्रभु येशूलाई भेट्नेछौं, तब हामीमा कस्तो परिवर्तन आउनेछ ?
(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९७) प्रभु येशू कुन समयमा आउनुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९८) प्रभु येशूले इनाम र प्रतिफल कसरी बाँड्नुहुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)